## स्थानीय राजपत्र
## घिरिङ गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम घिरिङ गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### संवत, २०७९ सालको कार्यविधि नं..........

### कार्यविधिको नाम- सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधि २०७८

गाउँपालिकामा प्रयोग हुने सवारी साधनहरुलाई व्यवस्थित रुपमा संचालन गरि मेशिनरी साधनहरूको अधिकतम सदुपयोग गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ** - सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधि २०७८ रहेको छ ।

**२. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।**

### परिच्छेद-२
### परिभाषा र व्याख्या

**३. विषय र प्रसंगले अर्को नाम नलागेमा यो कार्यविधिमा**

क. "सवारी साधन" भन्नाले गाउँपालिकाको पदाधिकारी वा कर्मचारीहरुले कार्यालयको काममा प्रयोग गर्ने गरी गाउँपालिकाले खरिद गरेको जीप, कार, एम्बुलेन्स, मोटरसाइकल, स्कुटर आदिलाई जनाउनेछ ।

ख. आर्थिक रूपले "विभिन्न वर्ग" भन्नाले गाउँपालिका क्षेत्रमा बसोवास गर्ने आर्थिक दृष्टिले कमजोर भई सवारी साधनको भाडा तिर्न नसक्ने भनी सम्बन्धित वडाध्यक्षले सिफारिश गरेको व्यक्तिलाई जनाउने छ ।

## परिच्छेद -३
## सवारी साधनको प्रयोग

**४. सवारी साधनको अभिलेख राख्नुपर्ने** – (१) गाउँपालिकाले खरिद गरेका सवारी साधनहरुको जिन्सी सम्बन्धी अभिलेख राख्नुपर्नेछ ।

(२) सवारी साधन लिने पदाधिकारी वा कर्मचारीले त्यस्तो सवारी साधन प्रशासन शाखाबाट वुझीलिई आफ्नो जिम्मामा राख्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम बुझिएको सवारी साधन कार्यालयको काम बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन अन्यत्र प्रयोग गरेको वा कार्यालयको काममा बाहेक सार्वजानिक विदाको दिनमा प्रयोग गरेको पाइएमा तत्काल फिर्ता गर्न सकिने छ ।

**(५) गुडेको अभिलेख राख्नुपर्ने** — (१) सवारी चालकले आफुले प्रयोग गरेको सवारी साधनको अनुसूची (१) बमोजिमको विवरण भरी राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख नराख्ने सवारीचालक वा प्रयोगकर्तालाई इन्धन वा मर्मत खर्च उपलब्ध गराइने छैन सवारी साधन प्रयोग गर्ने पदाधिकारी वा कर्मचारीले इन्धन माग गर्दा उपदफा (१) बमोजिम को विवरण प्रशासन शाखामा बुझाउनुपर्नेछ ।

## परिच्छेद-४
## इन्धनको प्रयोग

**६. इन्धन खर्च** - (१) गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेको सवारी साधन देहायबमोजिमका पदाधिकारी कर्मचारीहरुलाई प्रयोग गर्ने गरी उपलब्ध गराएमा निजहरूको कामको प्रकृतिअनुसार मासिकरुपमा अधिकतम देहाय बमोजिम इन्धन उपलब्ध गराइनेछ ।

| क्र.सं. | पदाधिकारी / कर्मचारी | मोटरसाइकल (मासिक रु) | जीप/ कार | एम्बुलेन्स |
|---|---|---|---|---|
| १ | प्रशासनिक कर्मचारी | १० लिटर | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| २ | फिल्डमा खटिने प्राविधिक (निर्माण सम्बन्धी) कर्मचारी | १५ लिटर पेट्रोल | | |
| ३ | पदाधिकारी (जनप्रतिनिधी) | १५ लिटर पेट्रोल | | |

(२) उपदफा (१) बमोजिम मोटरसाइकल तथा इन्धन प्रयोग गर्ने पदाधिकारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची (१) को (१) बमोजिमको यातायात खर्च उपलब्ध गराइने छैन ।

(३) जीप कार लगायतका सवारी साधनमा प्रयोग भएपछि इन्धन गुडेको दुरी तथा अन्य विवरण अनुसूची (१) बमोजिमको ढाँचामा भरी अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-५
## सवारी साधनको मर्मत

**७. स्वीकृति लिनुपर्ने** (१) कुनै सवारी साधन मर्मत गर्नु परेमा वा त्यसको कुनै पाटपुर्जा फेर्नु परेमा अनुसूची २ बमोजिमको ढाँचामा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ । काबुबाहिरको परिस्थितिले पूर्वस्वीकृति लिन नसक्ने अवस्था भएमा बाहेक अन्य अवसरमा पूर्व स्वीकृति नलिई गरिएको मर्मत सम्वन्धीको भुक्तानी गरिने छैन ।

(२) सवारी साधनको  पाटपुर्जा फेर्नुपर्ने भएमा बिग्रिएको पार्टपुर्जा गाउँपालिकामा फिर्ता ल्याउनु पर्नेछ ।

**८. मर्मत सम्बन्धी अभिलेख राख्नुपर्ने** - उपदफा (४) बमोजिम स्वीकृति लिइ मर्मत गरिने सवारी साधनको अनुसूची (३) बमोजिम मर्मत अभिलेख राख्नुपर्ने छ ।

## परिच्छेद-६
## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

**७. अभिलेख राख्नुपर्ने** — (१) एम्बुलेन्स चालकले एम्बुलेन्स सञ्चालन गर्दा अनुसूची ४ बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

(२) एम्बुलेन्स प्रयोग गर्ने व्यक्तिले भाडा भुक्तानी गरेपछि उक्त रकमको बिल दिनुपर्नेछ । सो बिलको अभिलेख प्रशासन शाखाले राख्नेछ ।

**८. भाडा दर सम्बन्धी व्यवस्था** – (१) एम्बुलेन्समा लाग्ने भाडा दर कच्ची सडकको लागि रु ७५ र पक्की सडक भएमा रु ३० प्रतिकिलोमिटर लाग्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि ईन्धनमा बृद्धि भइ सार्वजनिक यातायातको भाडा दरमा समेत बृद्धि हुन गएमा सो भाडामा जति प्रतिशत बृद्धि हुने गर्दछ त्यतिनै प्रतिशतको दरले उपदफा (१) मा उल्लेखित भाडादर बृद्धि हुने छ ।

**९. भाडामा छुट —** (१) देहाय बमोजिमका व्यक्तिहरुलाई जुनसुकै स्वास्थ्य संस्थामा उपचार गर्न लैजाँदा एम्बुलेन्सको शुल्क लाग्ने छैन ।

क. गर्भवती महिलालाई गर्व सम्बन्धी रोगको कारण गाउँपालिकाको स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भई अन्यत्र लैजानुपर्ने भनि सम्बन्धित स्वास्थ्य चौकी वा अस्पतालले  सिफारिस गरेमा स्वास्थ्य चौकी वा अस्पतालले सिफारिस गरेको स्वास्थ्यसँग लैजानुपर्ने गर्भवती महिला

ख. सुत्केरी हुन स्वास्थ्य संस्था पुर्याउनुपर्ने महिला

ग. पचहत्तर बर्ष माथिका बृद्ध जेष्ठ नागरिकलाई जुनसुकै स्वास्थ्य संस्थामा उपचार गर्न लैजान

घ. प्राकृतिक प्रकोप वा दुर्घटनामा परेका व्यक्तिहरुको उपचार गर्न स्वास्थ्य संस्थामा लैजान

(६) एम्बुलेन्स सेवा उपयोग गर्ने गाउँपालिका क्षेत्रका बासिन्दाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा उपचार गराउन सम्भव नभई सो संस्थाले अन्यत्र सिफारिस गरेमा मात्र सो सिफारिसको

आधारमा एम्बुलेन्स सेवा प्रदान गरिनेछ । तर बिरामीको अवस्था संवेदनशील रहेको कारण स्वास्थ्य संस्थाको सिफारिस बनाउन सम्भव नभएमा स्वास्थ्यको सिफारिस आवश्यक पर्ने छैन ।

## परिच्छेद-७
## एम्बुलेन्स चालक सम्बन्धी व्यवस्था

**१०. एम्बुलेन्स चालक रहने —** (१) एम्बुलेन्स सञ्चालन गर्न गाउँपालिकाले करार वा अन्य व्यवस्थाद्वारा सवारीचालक भर्ना गर्न सक्नेछ ।

**११. एम्बुलेन्स चालकले पाउने सुविधा** – एम्बुलेन्स चालकलाई हलुका सवारी चालक सरह पारिश्रमिक उपलब्ध गराइनेछ । साथै एम्बुलेन्स भाडाबाट उठेको रकम को १० प्रतिशत रकम निजको खाजा खाना खर्च बापत मासिक रुपमा हिसाब गरि एकमुष्ट उपलब्ध गराइने छ ।

**१२. एम्बुलेन्स चालकको आचरण र अनुशासन सम्बन्धी व्यवस्था —** (१) एम्बुलेन्स चालकले देहाय बमोजिमका नियमहरु पालना गर्नुपर्ने छ ।

क. एम्बुलेन्स चालकले जस्तो सुकै समयमा पनि विरामीको माग अनुसारको बिरामीलाई स्वास्थ्य संस्था पुर्याउनु पर्नेछ ।
ख. सवारी साधनको संरक्षण एवं सहि सदुपयोग गर्नुपर्ने छ ।
ग. बिरामी निजका आफन्तसँग राम्रो व्यवहार प्रदर्शन गर्नुपर्नेछ ।
घ. भाडा लिएपछि बिल उपलब्ध गराउनुपर्नेछ ।
ङ. यस कार्यविधिमा लेखिएका चालकले पालन गर्नुपर्ने अन्य नियमहरू पालन गर्नुपर्नेछ ।
च. बिरामीको आफन्त वा कुरुवा बाहेक बिरामी स्वास्थ्य संस्थामा लैजाँदा वा फर्किदा अन्य व्यक्ति राख्न हुदैन ।
छ. उल्लेखित नियम उल्लंघन गरेमा चालकलाई भत्ता उपलब्ध नगराउने वा सेवाबाट हटाउन सकिनेछ ।

## परिच्छेद-८
## विविध

**१३. सञ्चित कोषमा दाखिला हुने-** (१) एम्बुलेन्सको भाडाबाट उठेको सम्पूर्ण रकम गउँपालिकाको मूल सञ्चित कोषमा आम्दानी बाँधिनेछ ।

**१४. स्वास्थ्य संस्थालाई सञ्चालन गर्न दिन सकिने —** यस कार्यविधीमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधीमा उल्लेखित कुराहरु पालना गर्ने गराउने शर्तमा एम्बुलेन्सको सञ्चालन गर्न गाउँपालिकाको कुनै स्वास्थ्य संस्थालाई जिम्मा दिन सकिने छ । यसरी स्वास्थ्य संस्थाले जिम्मा

लिएमा एम्बुलेन्सको आम्दानी सोहि स्वास्थ्य संस्थाको खातामा जम्मा गरी सो आम्दानीबाट चालकको भत्ता, एम्बुलेन्स मर्मत तथा ईन्धन खर्च व्यहोरिने छ । आम्दानी हेरी कार्यपालिकाको निर्णयानुसार चालकको तलव समेत सोही स्वास्थ्य संस्थाको कोषबाट व्यहोर्ने गरी व्यवस्था गर्न सकिने छ ।

**१५. अमान्य हुने** - यस कार्यविधीको कुनै दफा वा सम्पूर्ण कार्य प्रदेश वा संघीय कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**१६. कार्यविधिमा संशोधन** – गाउँकार्यपालिकाले यस कार्यविधिको कुनै दफा वा सम्पूर्ण कार्यविधि संशोधन वा खारेजी गर्न सक्ने छ ।

## अनुसूची १

(दफा ५ र दफा ६ को उपदफा ३ सँग सम्बन्धीत)

**घिरिङ गाउपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**तनहुँ**

सवारी साधनको लगबुक

| मिति | ठाउँ | | किलोमिटर | | जम्मा कि.मि. | पेट्रोल वा डिजेल | मोबिल | ग्रीज | सवारीको उद्देश्य विवरण सहित | सवारी चढ्ने पदाधिकारीहरुको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाट | सम्म | देखि | सम्म | कि.मि. | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |

**अनुसूची २**

(दफा ४ सम्बन्धीत)

**घिरिङ गाउपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**तनहुँ**

**मर्मत आदेश**

श्रीमान्

यस कार्यालयको ...................................................... को मर्मत आवश्यक देखिएकोले सो को अनुमानित लागत उल्लेख गरी पेश गरेको छु । मर्मत आदेश पाउन अनुरोध छ ।

| सि.नं. | मर्मत विवरण | अनुमानित लागत | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| पेश गर्ने | जिन्सी शाखा | सदर गर्ने |

**अनुसूची ३**

(दफा ८ सँग सम्बन्धीत)

**घिरिङ गाउपालिका**

**गाउँकार्यपालिकाको कार्यालय,तनहुँ**

सवारी साधनको मर्मत सम्बन्धी अभिलेख

| **क्र.सं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** | **सवारी साधन नं.** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालकको नाम | | | | | | | | |
| २ | सवारी साधन बुझिलिने चालकको हस्ताक्षर | | | | | | | | |
| ३ मर्मत सम्बन्धी विवरण | मर्मत मिति | | | | | | | | |
| | फेरिएको पार्टपूर्जा विवरण | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मर्मत मिति | | | | | | | | |
| | फेरिएको पार्टपूर्जा विवरण | | | | | | | | |

## अनुसूची ४

(दफा ७ सँग सम्बन्धीत)

## घिरिङ गाउपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## तनहुँ

### एम्बुलेन्स लगबुक

| **मिति** | ठाउँ | | किलोमिटर | | जम्मा कि.मि. | पेट्रोल वा डिजेल | **मोबिल** | **ग्रीज** | **बिरामीको बसोबास रहेको ठेगाना** | **एम्बुलेन्स चढ्ने बिरामी वा आफन्त नाम दस्तखत र सम्पर्क नं.** | **भाडा रु.** | **भाडा बुझिलिने को हस्ताक्षर** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाट | सम्म | देखि | सम्म | कि.मि. | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | | | | | | | | | | | |

आज्ञाले

नाम : रामप्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत